जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १७१ २०७७ साल माघ २३ गते शुक्रबार (5 Feb. 2021 Friday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : जीवनस्तरमा गुणात्मक ... ३ पृष्ठमा : पर्यटन बोर्डका सातै ... ३ पृष्ठमा :अफगानिस्तानमा सेनाको ...

# सप्तरीमा बन्द शान्तिपूर्ण बन्दले जनजिवन कष्टकर



**दैनिक समाचारदाता**
**राजविराज, २२ माघ ।**

सरकारले संविधानलाई वेवास्ता गर्दै संबैधानिक निकायहरुमा नियुक्ति गरेको बिरोधमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रचण्ड-नेपाल पक्षद्वारा बिहीबर आहवान गरेको आम हड्तालका कारण सप्तरीको जनजिवन पनि प्रभावित भएको छ ।

बन्द आह्वानका कारण जिल्लाबाट लामो तथा छोटो दुरीका चल्ने यातायात संचालनमा आएनन् भने फाटफुट रुपमा मोटरसाइकल र सिटि रिक्सा गुडेका थिए । अधिकांश बजारहरु बन्द रहयो भने फाटफुट रुपमा खुलेका पसलहरु पनि प्रदर्शनकारीले बन्द गराएका थिए ।

बन्दको प्रभाव पूर्वपश्चिम राजमार्ग अन्तरगत जिल्लाको भारदह, कंचनपुर, शम्भुनाथ, कठौना, कल्याणपुर, कदमाहा लगायतका बजारमा देखिएको थियो । बिहानैदेखी सो सडकखण्डमा प्रदर्शनकारीहरुले टायर बालेर बिरोध प्रदर्शन गरेका थिए ।

यता स्थानिय प्रशासनले कडा सुरक्षा व्यवस्था मिलाएपनि बिहानैदेखी बन्द सफल पार्न सडकमा निस्केका प्रचण्ड-नेपाल समूहका कार्यकर्ता सरकारबिरुद्ध चर्को नाराबाजी र प्रदर्शन गरिरहेका थिए ।

आमहड्तालका क्रममा एम्बुलेन्स, पानी, दुध, तरकारी र संचारकर्मीको गाडीमा भने कुनै अवरोध गरिएन् । बन्द शान्तिपूर्ण रहेको र कोही कार्यकर्ता पक्राउ नपरेको नेकपा प्रचण्ड-नेपाल पक्षका जिल्ला अध्यक्ष अशोककुमार मण्डलले जानकारी दिएका छन् ।

## एक सय ७१ जना कोरोना संक्रमित

**दैनिक समाचारदाता**
**काठमाडौं, २२ माघ ।**

पछिल्लो २४ घन्टामा देशभर एक सय ७१ जनामा कोरोना कोरोना संक्रमण पुष्टि भएको छ ।

अहिलेसम्म नेपालमा कोरोना संक्रमण पुष्टि हुनेको संख्या दुई लाख ७१ हजार ६ सय दुई पुगेको छ ।

यस्तै थप दुई सय २७ जना निको भएसँगै कोरोना संक्रमणमुक्त हुनेको संख्या दुई लाख ६७ हजार दुई सय ९२ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

त्यसैगरि संक्रमणका कारण ज्यान गुमाउनेको संख्या दुई हजार ३३ पुगेको छ । पछिल्लो २४ घण्टामा थप दुई जनाको ज्यान भएको मन्त्रालयले जनाएको छ । नेपालमा अहिले दुई हजार दुई सय ७७ जना सक्रिय संक्रमित रहेका छन् ।

# जनकपुरमा प्रहरी र आन्दोलनकारीबीच झडप, नेता झा, यादव र केही प्रहरी घाइते





**दैनिक समाचारदाता**
**जनकपुरधाम, २२ माघ ।**

धनुषाको जनकपुरधामस्थित शिवचोकमा प्रदर्शनकारीसँग झडप हुँदा प्रहरीले गोली चलाएको छ ।

शिवचोकमा प्रचण्ड-नेपाल समूहका कार्यकर्ताले गाडी चल्न नदिएपछि प्रहरीले खुलाउने प्रयास गरिरहदा प्रहरी र प्रदर्शनकारीबीच झडप भएको हो । सोही क्रममा झडप भएको धनुषाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले जानकारी दिएका छन् ।

यता लाठीचार्जका क्रममा नेकपाको प्रचण्ड-नेपाल समूहका नेता रामचन्द्र झासहित ११ जना घाइते भएका छन् भने झडपमा केही प्रहरी पनि घाइते भएका छन् । घाइतेहरूको उपचार भइरहेको छ ।

यसैबीच झडपमा घाइते

*बाँकी अन्तिम पृष्ठमा*

## आवश्यकता । आवश्यकता ॥ आवश्यकता ॥।

माय जलपा बचत तथा ऋण सहकारी संस्था लि. लाई निम्न पदहरुमा अनुभवी इच्छुक व्यक्तिहरु चाहिएकोले समयमै सम्पर्क गर्नु होला ।

**पद : क्यासियर/संख्या : १ (एक) जना**
BBS वा Bachelor सो सरह पास गरि एक वर्ष सम्बन्धित विषयमा कार्य अनुभव भएको तथा PCS (Parbhu Co-operative Solution, Pamoris Software) तथा अन्य Software को जानकारी भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।

**पद : ऋण ओफिसियर/संख्या : १ (एक) जना**
BBS वा Bachelor सो सरह पास गरि एक वर्ष सम्बन्धित विषयमा कार्य अनुभव भएको तथा PCS (Parbhu Co-operative Solution, Pamoris Software) तथा अन्य Software को जानकारी भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।

**पद : बजार प्रतिनिधी/संख्या : ५ (पाँच) जना**
शैक्षिक योग्यता +2 पास गरेको वा सो सरह बजार प्रतिनिधिमा एक वर्षको अनुभव भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।
**मिति : २०७७/१०/१८ गते देखि २०७७/१०/२६ गते सम्म**
**लिखित परीक्षा मिति : २०७७/१०/२७**
**मौखिक परीक्षा मिति : २०७७/१०/२८**

सम्पर्क
**माय जलपा बचत तथा ऋण सहकारी संस्था लि.**
विष्णुपुर गा.पा. ६, रंजितपुर
कुनौली रोड, सशस्त्र क्याम्पको छेउमा
मोबाइल नं. ९८५२८३२०५९, ९८१६३४२१८८
फोन नं. ०३१-५२२२५९, **www.myjalpacooperative.com.np**



## सम्पादकीय

# यूवालाई सही काममा प्रयोग गर्न उत्प्रेरित गर्नु आवश्यक

कुनै पनि क्षेत्रको विकासमा यूवाहरुको महत्वपूर्ण भुमिका हुने गरेको छ। समाज, टोल, नगर, गाउँ, जिल्ला, प्रदेश वा राष्ट्रको विकासमा यूवा जनशक्तिलाई परिचालन गर्न सकिएमा त्यो विकासीय कार्यले गति लिन सक्दछ्। विकास भन्ने वित्तिकै भौतिक संरचनालाई सम्झिन गरिन्छ। तर, भौतिक संरचनाबाहेक अन्य विकास जस्तै जनचेतना, जनजागरण, जागरुक, शिक्षालाई पनि सम्झनु पर्दछ। हो यस्ता क्षेत्रमा नयाँ नयाँ प्रबृद्धिमार्फत यूवालाई परिचालन गरेर विकास गर्न सकिन्छ।

सामाजमा कुनै परिवर्तन ल्याउनका लागि अहिलेको परिवेशमा यूवाहरु नै उत्तमक विकल्प समेत रहेको छ। उनीहरुको जोश, जागर र महिनेतले सामाजमा परिवर्तन ल्याउन सक्दछ्। मात्र यूवाहरुलाई राजनैतिक दलहरुले आफ्नो स्वार्थपूर्तीका लागि आन्दोलनमा प्रयोग गर्न उचित हुँदैन्। उनीहरुलाई उचित प्रशिक्षण दिएर सीपमुलक कार्यमा लगाएमा समाज परिवर्तनको सम्वाहकको रुपमा प्रयोग गर्नसकिन्छ। तर, अहिले नेपालमा यूवाहरुलाई राजनीतिक दलहरुले आफ्नो इसारामा प्रयोग गर्ने प्रबृती समेत बढेको छ।

तसर्थ यूवाहरु समाज परिवर्तनका लागि एउटा उचित माध्यम रहेकाले उनीहरुप्रति गम्भिर भएर राज्यले सही काममा प्रयोग गर्न उत्प्रेरित गर्नु आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउन आवधिक योजना

जनकपुरधाम, २२ माघ (रासस)।

प्रदेश नं २ सरकारले प्रदेशवासीको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउन आगामी पाँच वर्षमा उच्च आर्थिक वृद्धिदर हासिल गरी गरीबी दर झार्ने लक्ष्य निर्धारण गरेको छ।

सरकारले सो कामका लागि उच्च मानव विकास पहिचान र समृद्ध मधेश समाज मूल सोचसहित सो अवधिभित्र विद्यमान ६.५३ प्रतिशत आर्थिक वृद्धिदरबाट ११ प्रतिशत परिमाणात्मक लक्ष्य हासिल गर्ने पहिलो आवधिक योजना (आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म तयार गरेको छ।

प्रदेश नीति तथा योजना आयोगद्वारा तयार गरिएको योजनामा प्रादेशिक विकास निर्माणका बहुआयामिक विषयवस्तुलाई समेटी सोच, लक्ष्य , कार्यनीति, कार्यक्रम, अपेक्षित उपलब्धि तथा नतिजा खाका उल्लेख छ।

सोही अन्तर्गत प्रदेशको विद्यमान समग्र गरीबी दर २७.७ प्रतिशतबाट २१ प्रतिशतमा झार्ने रणनीतिसमेत अवलम्बन गरिएको छ। आर्थिक सर्वेक्षण २०७५ का अनुसार आर्थिक वर्ष २०७५/७६ मा प्रदेशको कूल ग्राह्र्यस्थ उत्पादन ४४४.४९ अर्ब देखाइएकालाई आधार मानी योजना अवधिको प्रत्येक वर्ष ०.५ प्रतिशत बिन्दुले बढाउँदै पहिलो प्रादेशिक योजनाको अन्तमा आर्थिक वृद्धिदर ११ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ।

प्रदेशको सोच निर्माणमा कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि र खाद्य बचतद्वारा अन्तरप्रदेश माग आपूर्तिमा योगदान, प्रदेशभर उपलब्ध क्रियाशील उमेरका जनसङ्ख्या समूहका जनशक्तिका लागि रोजगारी सिर्जना, औद्योगिकरणमा स्थानीय उत्पादन आबद्ध र गुणात्मक स्वास्थ्य, शिक्षामा लगानीलाई प्रमुख गन्तव्य दृष्टिगत गरिएको छ।

आवधिक योजनाका लक्ष्य हासिल गर्न आत्मनिर्भरताको स्थिति निर्माण गरी तुलनात्मक लाभ हुनसक्ने स्थानीय कृषिबाली र आधारभूत खाद्य वस्तुको उत्पादनमा वृद्धि गर्ने, कृषि तथा उद्योग क्षेत्रमा सिर्जना भएका स्थानीय रोजगारी र सम्भाव्य रोजगारी क्षेत्रका लागि चाहिने क्षमता र सीपयुक्त जनशक्ति निर्माण र विकासमा लगानी गर्ने रणनीति अपनाइने जनाइएको छ।

विद्यमान सडक सञ्जालको उपयोग हुने गरी आर्थिक सम्भावनाका आधारमा कृषि, पर्यटन क्षेत्रलाई सम्बोधन गर्ने उद्योग स्थापना र सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने , व्यावसायीकरण, विविधिकरण र आधुनिकीकरण गरी कृषिजन्य उद्योगलाई विकासको संवाहक बनाउने, कृषि अनुसन्धान क्षेत्रमा आधुनिक तथा नवीनतम प्रविधि विकास गरिने, चुरे क्षेत्रलाई जल संरक्षणका लागि आधारस्तम्भ मानी जल संरक्षणलाई प्रतिकूल असर गर्ने क्रियाकलाप रोकथाम हुने गरी भू-संरक्षण तथा उपयोग नीति बनाइने कुरा उल्लेख छ।

तथ्याङ्क अनुसार देशको खाद्य भण्डार मानिएको उर्वर माटो भएको यो प्रदेशमा कूल राष्ट्रिय उत्पादनको ७४ प्रतिशत उत्पादन हुन्छ। कूल खेतीयोग्य जमीनमध्ये ८९.९ खेती गरिएको छ भने कूल पाँच लाख ६५ हजार ९१ हेक्टर सिँचाइयोग्य जग्गामध्ये ६५.८ प्रतिशतमा कोशी, कमला, वाग्मती सिंचाइ नहरबाट र अन्य साना कूलो पैनीबाट मौसमी सिँचाइ सुविधा उपलब्ध छ।

प्रदेशमा कमला नदी बाह्रैमहिना पानी रहने नदी सहित कोशी र वाग्मती नदी छन्। कूल ५० हजार मेट्रिक टन राष्ट्रिय माछा उत्पादनमध्ये ६० प्रतिशत उत्पादन हुने यो प्रदेशभर मत्स्यपालनका लागि करीब ४ हजार पोखरी उपयोगमा रहेको बताइन्छ।

विविध कृषिबाली उत्पादन अनुकूल स्थानीय हावापानीका कारण प्रदेशभर सबै प्रकारका प्रमुख खाद्य तथा नगदेबाली उत्पादन हुन्छ। मौसमी फलका रूपमा आँपको कूल राष्ट्रिय उत्पादनमध्ये ६८ प्रतिशत उत्पादन यस प्रदेशमा हुने गरेको छ।

त्यस्तै नेपालभर भई आएको कूल उखुखेती ६४ हजार ४८३ हेक्टरमध्ये ५३ हजार ३०० हेक्टर भूभागमा यस प्रदेशमा हुने गरेको छ। नेपालभर कूल १७ वटा चिनी कारखानामध्ये ८ वटा चिनी कारखाना सञ्चालन भएको यो प्रदेशले कूल राष्ट्रिय चिनी उत्पादन ३२.३३ लाख मेट्रिक टनको २४.६७ लाख मेट्रिक टन यसै प्रदेशमा हुने गरेको तथ्याङ्कमा उल्लेख गरिएको छ।

लागत लाभका दृष्टिकोणले प्रदेशका मुख्य केन्द्रको सामिप्यमा रहेको चुनढुङ्गा उत्खनन् क्षेत्र र सिमेन्ट उद्योगबाट आर्थिक विकासमा योगदान भई आएकोमध्ये निजी क्षेत्रका मारूती सिमेन्ट कारखानाबाट वार्षिक १.५ लाख मेट्रिक टन उत्पादन हुने गरेको छ भने नेपालको कूल औद्योगिक प्रतिष्ठानमध्ये १२.७ प्रतिशत औद्योगिक प्रतिष्ठान रहेको यो प्रदेशले देशको कूल ग्राह्र्यस्थ उत्पादनमध्ये १६.२ हिस्सा ओगटेको बताइन्छ।

प्रदेश नीति तथा योजनाका उपाध्यक्ष डा भोगेन्द्र झा यी तथ्यलाई नै आधार मानी योजना अवधिको प्रादेशिक ग्राह्र्यस्थ उत्पादन ६८३.६२ अर्ब पुग्ने रणनीति तयार गरिएको बताउनुहुन्छ। प्रदेश योजनाले निर्धारण गरेको लक्ष्यअनुसार योजना अवधिमा कृषिमा रू एक खर्ब ७२ अर्ब १२ करोड, उद्योगमा रू तीन खर्ब ३२ अर्ब ४४ करोड र सेवा क्षेत्रमा रू ६ खर्ब ४७ अर्ब करोड गरी कूल ११ खर्ब ५१ अर्ब ९६ करोड स्थिर पूँजी लगानी गर्नुपर्ने अनुमान गरिएको छ।

उपाध्यक्ष झाका अनुसार निजी क्षेत्रको विस्तार र त्यसमा सरकारको अहं भूमिकासमेतलाई दृष्टिगत गरी योजनामा सार्वजनिक क्षेत्रबाट ३८ प्रतिशत, निजी क्षेत्रबाट ५८ प्रतिशत र सहकारीबाट ४ प्रतिशत लगानी हुने अनुमान गरिएको छ। सार्वजनिक क्षेत्रबाट विशेष गरी पूर्वाधार, शिक्षा, स्वास्थ्य र कृषिमा तथा सहकारी क्षेत्रबाट मुलतः कृषि, साना उद्योग तथा व्यापार, वित्तीय मध्यस्थतामा र केही शिक्षा तथा स्वास्थ्यमा लगानी हुने अनुमान गरिएको छ।

योजना अवधिको आर्थिक वर्ष २०७६/७७ देखि ८०/८१ सम्म कूल लगानीमध्ये सार्वजनिक क्षेत्राट रू चार खर्ब ३७ अर्ब ७५ करोड, निजी क्षेत्रबाट रू ६ खर्ब ६८ अर्ब १४ करोड र सहकारी क्षेत्रबाट रू ४६ अर्ब सात करोड लगानी हुने अनुमान गरिएको छ।

तथ्याङ्क अनुसार प्रदेशको प्रतिव्यक्ति आय ७९९ यूएस डलर रहेकामा प्रक्षेपित लगानीको प्रतिफलका रूपमा योजनाको अन्तसम्ममा प्रति व्यक्ति आय एक हजार यूएस डलर पुग्ने अनुमान योजना गरिएको छ।

आर्थिक सामाजिक विकासलाई समावेशी विकासका रूपमा आर्थिक वर्ष २०७५/७६ मा यस प्रदेशको आय असमानता सूचकाङ्क २९.५ प्रतिशत, विपन्न जनसङ्ख्याको जम्मा आयमा हिस्सा १०.८५ प्रतिशत, वित्तीय सेवामा पहुँच १८.३ प्रतिशत, अर्ध बेरोजगारी २४.७ प्रतिशत रहेको छ।

प्रदेशमा सबैभन्दा कम आय भएको महोत्तरीको आय यूएस

*बाँकी तीन पृष्ठमा*

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# पर्यटन बोर्डका सातै प्रदेशमा संरचना विस्तार

काठमाडौं, २२ माघ (रासस)।

सार्वजनिक निजी साझेदारीका साथ मुलुकको पर्यटन प्रवर्द्धनको जिम्मेवारी पाएको नेपाल पर्यटन बोर्डले आफ्नो संरचनालाई सात वटै प्रदेशमा विस्तार गरेको छ। बोर्डले प्रदेशस्तरीय कार्यालय विस्तारका लागि सम्बन्धित प्रदेशमा अध्ययनका लागि कर्मचारी खटाइसकेको छ।

गत पुस १५ देखि औपचारिक रूपमा सातै प्रदेशमा कर्मचारी खटएको बोर्डले अब छिट्टै प्रदेश कार्यालयलाई औपचारिकता दिने भएको छ। बोर्डले सबै प्रदेशमा आफ्नो कार्यालय विस्तारका लागि प्रक्रिया थालेको छ।

प्रदेश कार्यालय स्थापनाको अध्ययनका लागि स्थलगत खटाइएका कर्मचारीले बोर्डमा आवश्यक तयारीसहितको प्रतिवेदन बुझाइसकेका छन्। प्रतिवेदनका आधारमा बोर्डले प्रदेश कार्यालय स्थापना गर्ने पर्यटन बोर्डका निर्देशक मणि लामिछानेले जानकारी दिनुभयो। उहाँका अनुसार ती प्रदेशमा संरचनामा जान गृहकार्यका लागि खटिएका कर्मचारीले आआफ्ना प्रतिवेदन केन्द्रीय कार्यालयलाई बुझाइसकेका छन्। सोही प्रतिवेदनका आधारमा छिट्टै औपचारिक रूपमा बोर्डको संरचना खडा गरिनेछ। अहिले प्रदेश कार्यालयका लागि केन्द्रबाट कर्मचारी खटिइसकेका छन्।

बोर्डले प्रदेश कार्यालयका लागि केन्द्रबाटै व्यवस्थापक तहका कर्मचारीको नेतृत्व हुने गरी कार्यालय विस्तार गर्नेछ। हरेक प्रदेश कार्यालयका साथै बोर्डको छुट्टै शाखा कार्यालय पनि रहनेछ। ती कार्यालयका लागि अधिकृतस्तरका कर्मचारीको व्यवस्था गरिने बोर्डले जनाएको छ। बोर्डले प्रदेश कार्यालय विस्तारका लागि आवश्यक बजेट तथा जनशक्तिका लागि तालुक मन्त्रालयसँग समन्वय गरिरहेको छ।

प्रदेश कार्यालय विस्तारका लागि स्थानीय र प्रदेश सरकार, पर्यटन व्यवसायीलगायत सरोकार पक्षको धारणा बुझ्न केही महिनाअघि बोर्डका कार्यकारी प्रमुखसहितको कमिटीले प्रदेशका मुख्यमन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री तथा व्यवसायीसँग सबै प्रदेशमा छलफल गरेको थियो। पुसको दोस्रो सातादेखि कर्मचारी नै खटाएर संरचना विस्तारमा बोर्ड जुटेको हो।

बोर्डको प्रदेश संरचनानुरुप प्रदेश नं १ को विराटनगरमा प्रदेश कार्यालय रहने छ। त्यहाँ बोर्डले दिवाकरविक्रम राणालाई खटाएको छ। झापा र धरानमा छुट्टै कार्यालय हुनेछ। विराटनगरको प्रदेश कार्यालयले दुवै कार्यालयको संयोजन गर्नेछ।

प्रदेश नं २ को जनकपुरमा समीर बज्राचार्यलाई खटाइएको छ। वीरगञ्जमा भने शाखा रहने छ। वाग्मती प्रदेशलाई भने सङ्घीय कार्यालयले हेर्नेछ। गण्डकी प्रदेशमा यसअघिकै बोर्डको मुख्य संरचनालाई स्थापना गरिएको छ। बोर्डका वरिष्ठ निर्देशक काशीराज भण्डारीलाई प्रमुख बनाइएको छ। लुम्बिनी प्रदेशको बुटवलमा बोर्डको प्रदेश कार्यालय रहनेछ। त्यहाँ बोर्डले लीला बानियाँलाई कार्यालय प्रमुखको जिम्मेवारी दिएको छ। भैरहवाको सुनौली र नेपालगञ्जमा पनि बोर्डको शाखा कार्यालय रहनेछन्। त्यसैगरी कर्णाली प्रदेशको सुर्खेतमा खड्गविक्रम शाह र सुदूरपश्चिमको धनगढीमा रोहिणी खनाललाई कार्यालय प्रमुखको जिम्मेवारी दिइएको छ। कूल ११ सदस्यीय सञ्चालक समिति रहने बोर्डको सञ्चालक समितिका अध्यक्षमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव रहने व्यवस्था छ। निजी क्षेत्रका पाँच र सरकारी पाँच जनाको सञ्चालक समिति हुन्छ। सरकारीतर्फबाट पाँच सदस्यमा पर्यटन सचिव, अर्थ मन्त्रालयका सहसचिव, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक, अध्यागमन विभागका महानिर्देशक र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका महानिर्देशक तथा निजी क्षेत्रका पाँच पर्यटन व्यवसायी रहन्छन्। बोर्डका कार्यकारी प्रमुख भने सदस्य सचिवका रूपमा रहने व्यवस्था छ।

*जीवनस्तरमा ...*

डलर ६८१ छ, जुन प्रदेश औसतभन्दा कम छ। मानव विकास प्रतिवेदन २०१४ अनुसार प्रदेशभित्र अन्तर जिल्ला आय विषमता पनि उच्च देखिन्छ। मानव विकास सूचकाङ्कमा यस प्रदेशका ८ जिल्लामध्ये महोत्तरीको सूचकाङ्क ०.३८८ र रौतहटको सूचकाङ्क ०.३८६ रहेको छ।

आवधिक योजनाको अन्त्यसम्ममा विशेष आर्थिक क्षेत्र २, औद्योगिक ग्राम ८, औद्योगिक क्षेत्र ६ र औद्योगिक करिडोर ११ वटा स्थापना भएको हुने, ठूला र मझौला उद्योगको सङ्ख्या क्रमशः २७५ र ५०० एवं साना तथा घरेलु उद्योग १८ हजार वटा पुगेका हुने र एक लाख ५ हजार जनशक्ति संलग्न रहने अनुमान गरिएको छ। उपाध्यक्ष झाका अनुसार प्रदेशको व्यवस्थित विकासका लागि योजना निर्माणको आवश्यकतालाई मध्यनजर गर्दै योजना बैंक निर्माणको गृहकार्यसमेत थालनी गरिसकेको छ।



## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोबाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### अफगानिस्तानमा सेनाको कारबाहीमा १५ लडाकू मारिए

काबुल, २२ माघ (रासस/सिन्ह्वा)।

अफगानिस्तानको दक्षिणी कान्दाहार प्रान्तमा सरकारी सुरक्षाफौजले गरेको कारबाहीमा कम्तिमा जना तालिबान लडाकू मारिएको रक्षा मन्त्रालयले जनाएको छ।

मन्त्रालयको विज्ञप्तिमा बुधबार कान्दाहारको डन्ड र अर्घन्डाब जिल्लामा तालिबान लडाकू भेला भई सेनाको शिविरमा आक्रमण गर्न लागेको भन्ने सूचनाका आधारमा सेनाले कारबाही गरेको उल्लेख छ।

कारबाहीमा अरु तीन तालिबानी लडाकू पनि घाइते भएका थिए। सैनिक कारबाहीलाई सघाउन अफगान हवाई बलले पनि मद्दत गरेको रक्षा मन्त्रालयको भनाइ छ।

मन्त्रालयले विद्रोही तालिबानका एउटा कारबम, तीन वटा मोटरसाइकलसहित हातहतियार बरामद भएको जनाएको छ।

सेनाले खोज तथा घेराबन्दी सैन्य कारबाही थालेपछि विद्रोही तालिबानको बलियो उपस्थिति रहेको कान्दाहारमा सुरक्षा व्यवस्थामा पछिल्ला केही महिनादेखि निकै सुधार आएको छ। तर विद्रोहीले सरकारका खासखास स्थान र व्यक्तिमाथि साङ्घातिक आक्रमण गरिरहेका छन्।

तालिबान समूहले भने उक्त घटनाका बारेमा केही प्रतिक्रिया जनाएका छैनन्।

### भारतमा कोभिड-१९ विरुद्धको खोप ४५ लाखभन्दा बढीले लगाए

नयाँदिल्ली, २२ माघ (रासस/सिन्ह्वा)।

भारतमा गत जनवरी १६ देखि कोभिड-१९ विरुद्धको खोप कार्यक्रम शुरु भएको छ।

सो दिनदेखि हालसम्म ४५ लाखभन्दा बढी व्यक्तिले खोप लगाइसेकेका छन्। कोरोना भाइरसविरुद्ध खोप लगाउनेमा प्रायःस्वास्थ्यकर्मी रहेका समाचारमा जनाइएको छ।

यहाँ कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बुधबारसम्म एक करोड सात लाख ९० हजारभन्दा बढी पुगेको छ। विगत २४ घण्टाको अवधिमा भारतमा १२ हजार ८९९ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड सात लाख ९० हजार १८३ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीबार जनाएको छ।

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण १०७ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५४ हजार ७०३ जना पुगेको छ।

मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड चार लाख ८० हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ। हाल भारतमा एक लाख ५५ हजार २५ जना सक्रिय सङ्क्रमित रहेका छन्।

भारतको राष्ट्रिय राजधानी दिल्लीमा बुधबार १५० जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको र छ जनाको मृत्यु भएको छ। भारतमा कोभिड-१९ शुरु भएयता भाइरस सङ्क्रमणको कारण दिल्लीमा १० हजार ८६४ को मृत्यु भइसकेको छ।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले बुधबारसम्म देशभर १९ करोड ९२ लाख १६ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ। बुधबार एकै दिनमा मात्र सात लाख ४२ हजारभन्दा बढी व्यक्तिलाई कोभिड-१९ परीक्षण गरेको जनाइएको छ।

### संयुक्त राष्ट्रसङ्घका प्रमुखद्वारा म्यान्मारको सैन्य कू विफल पार्न आह्वान

न्युयोर्क, २२ माघ (रासस/एएफपी)।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गत सोमवार म्यान्मारमा भएको कू विफल पार्न विश्व समुदायलाई आह्वान गर्नु भएको छ।

महासचिव गुटेरेसले म्यान्मारमा संवैधानिक व्यवस्था पुनःस्थापित गर्न आह्वान गर्नुभएको हो। उहाँले यो विषयलाई लिएर सुरक्षा परिषद्मा एकता हुने आशा रहेको बताउनु भएको छ।

'यो कू विफल बनाउन म्यान्मारमाथि पर्याप्त दबाब दिनका लागि अन्तरराष्ट्रिय समुदायका प्रमुखलाई परिचालन गर्न आवश्यक सबै हामी गर्नेछौं' उहाँले बताउनु भएको छ।

'जनचाहना र चुनावको परिणामलाई उल्ट्याउनु पूर्णरुपमा अस्वीकार्य छ। म आशा गर्छु कि म्यान्मारको सेनालाई देश चलाउने तरिका यो होइन भनेर बुझाउन सम्भव छ।' गुटेरेसले बताउनु भएको छ।

सेनाले सत्ता हातमा लिनुअघि निर्वाचित नेत्री आङ सान सुकीलाई गिरफ्तार गरेको थियो। म्यान्मारको प्रहरीले सुकीविरुद्ध विभिन्न अभियोग लगाएको छ र फेब्रुअरी १५ तारिखसम्म उनी हिरासतमा रहन हुने छ। सेनाले सत्ता हातमा लिएपछि सुकी र राष्ट्रपति विनमिनका तर्फबाट कुनै किसिमका प्रतिक्रिया आएका छैनन्।

म्यान्मारमा सेनाद्वारा एक वर्षका लागि सङ्कटकाल लागु गरेको र सेनाले निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गरिने बताएको छ।

गत नोभेम्बरमा भएको चुनावमा धाँधली भएको आरोप सेनाले लगाएको छ। उक्त चुनावमा सुकीको दल नेसनल लिग फर डेमोक्रेसी (एनएलडी)ले अत्यधिक मत ल्याएको थियो। गत नोभेम्बरको चुनावबाट संसद्को तल्लो र माथिल्लो दुवै सदनका कूल ४७६ स्थानमध्ये सुकीको दल एनएलडीले ३९६ स्थान जितेको छ। सन् २००८ को संविधान बमोजिम सेनालाई संसदको कूल स्थानको २५ प्रतिशत छुट्याइएको छ। साथै कतिपय महत्वपूर्ण मन्त्रालय पनि सेनालाई नै दिइएको छ।

सेनाले फेसबुकलाई बन्द गर्न निर्देशन दिएको पनि समाचारमा जनाइएको छ। सामाजिक सञ्जालले स्थायित्वको पुनःस्थापनामा बाधा पुऱ्याएको भन्दै सेनाले त्यस्तो निर्देशन दिएको हो। बिहीवार प्रयोगकर्ताले सामाजिक सञ्जालमा पहुँच नभएको बताएका थिए। कूको विपक्षमा बनाइएको फेसबुक पेजमा दशौं हजार लाइक आएका छन्।

# जसपाको माघ २३ देखि २८ सम्म संघर्षका कार्यक्रम सार्वजनिक



**दैनिक समाचारदाता राजविराज, २२ माघ ।**
जनता समाजवादी पार्टी नेपालले प्रतिनिधिसभा विघटनविरुद्ध जिल्लास्तरीय आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ ।

जसपा केन्द्रिय कार्यालयद्वारा संघर्षका थप आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको जानकारी गराउँदै पार्टीका कार्यकारणी समिति सदस्य केशव झाले आगामी माघ २३ देखि २८ गतेसम्म सबै जिल्लामा आन्दोलन गर्ने बताएका छन् ।

आन्दोलनका कार्यक्रम अनुसार माघ २३ गते सबै जिल्लामा जनप्रदर्शन गर्ने, माघ २५ गते प्रधानमन्त्री केपी शर्मा ओली र राष्ट्रपति विद्यादेवी भण्डारीको पुत्ला जलाउने र माघ २८ गते मसाल जुलुस गर्ने कार्यक्रम रहेका छन् ।

जसपाले संघीय तथा प्रदेश निर्वाचन क्षेत्र, स्थानीय तह र वडासम्म स्थिति हेरेर विरोधका कार्यक्रम गर्ने भएको छ ।

प्रधानमन्त्री ओलीले गत पुस ५ गते प्रतिनिधिसभा विघटन गरेपछि ओलीको उक्त कदम असंवैधानिक, अलोकतान्त्रिक र प्रतिगामी भनी जसपाले आन्दोलन गर्दै आएको छ ।

## *जनकपुरमा प्रहरी ...*

भएका पूर्वमन्त्री समेत रहेका रामचन्द्र झाको अवस्था गंभीर बनेपछि उपचारका लागि काठमाण्डौं लगिएको छ । झाको टाउकोमा गंभीर चोट लागेको छ ।

यस्तै पूर्व मन्त्री मातृका यादव, सहीद नगरका प्रमुख उदय बरबरिया यादव सहित आधा दर्जन बढि नेता कार्यकर्ता घाइते भएका छन ।

बन्दकर्ताले प्रहरीकै गाडीमा तोडफोड गरेपछि गोली चलाउनुपरेको जनकपुरका एसपी प्रकाश रानाभाटले जानकारी दिएका छन् । प्रहरीले प्रदर्शनकारीलाई नियन्त्रणमा लिन केही राउण्ड हवाई फायर, अश्रुग्यास, लाठीचार्ज र गोली चलाएको एसपी रानाभाटले बताए ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।
**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# नेकपाका सर्लाही इञ्चार्ज वाग्लेको मृत्यु

मलङ्गवा, २२ माघ (रासस) ।
नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य एवं सर्लाही इञ्चार्ज डाचाराज वाग्लेको मोटरसाइकल दुर्घटनामा मृत्यु भएको छ ।

बरहथबाबाट नयाँरोडतर्फ जाँदै गर्दा बुधबार राति मूर्तिया चोकबाट उत्तर वन कार्यालय नजिक नयाँरोड-बरहथवा सडकखण्डमा लडिरहेको अवस्थामा वाग्लेलाई स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए । घटनास्थलबाट वाग्लेलाई बरहथवा प्राथमिक स्वास्थ्य केन्द्रमा पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेको थियो ।

बुधबार साँझ नेकपा प्रचण्ड-नेपाल समूहले आयोजना गरेको मसाल जुलुसको नेतृत्व गरेर ज१०प ३२०६ नम्बरको मोटरसाइकलले बरहथवाबाट नयाँरोडतर्फ जाँदै गरेका वाग्ले दुर्घटनामा परेको प्रहरीले जनाएको छ । घटना सम्बन्धमा गम्भीर एवं सूक्ष्म अनुसन्धान भइरहेको प्रहरी प्रमुख सन्तोषसिंह राठौरले जानकारी दिनुभयो । उहाँ सर्लाहीको हरिपुर नगरपालिका-१ हजारबिगाह निवासी हुनुहुन्थ्यो । अहिले उहाँको शव बरहथवाबाट परीक्षणका लागि जिल्ला अस्पताल मलङ्गवा ल्याउने तयारी भइरहेको नेकपाका जिल्ला अध्यक्ष रेवती पन्तले जानकारी दिनुभयो ।

# कक्षा ११ र १२ को पाठ्यक्रमको समस्या समाधान

काठमाडौं, २२ माघ (रासस) ।
पाठ्यक्रम विकास परिषद्को बैठकले माध्यमिक तहमा गणित विषय अनिवार्य नहुँदा विद्यार्थीले उच्च शिक्षामा अवसरलाई प्राप्त गर्न नसक्ने अवस्थालाई मनन् गरी गणित विषयलाई अनिवार्य गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कक्षा ११ र १२ मा देखिएको विषयगत समस्या समाधान गर्ने क्रममा शिक्षामन्त्री कृष्णगोपाल श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले सो निर्णय गरेको हो ।

केन्द्रले सर्वोच्च अदालतको निर्देशात्मक आदेश र विगतमा गणित विषयको अध्ययन गर्न गठित कार्यदलको सिफारिस समेतका आधारमा कक्षा ११ र १२ मा भर्ना हुने विद्यार्थीलाई गणित पढ्ने अवसर उपलब्ध गराउन हालको संरचनामा अनिवार्य सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषय वा गणित पढ्न पाउने व्यवस्था गरेको हो ।

निर्णयमा अनिवार्य विषयका रूपमा गणित विषय अध्ययन गर्ने विद्यार्थीले ऐच्छिक विषयका रूपमा सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषय र अनिवार्य विषयका रूपमा सामाजिक अध्ययन तथा जीवनउपयोगी शिक्षा विषय अध्ययन गर्ने विद्यार्थीले ऐच्छिक विषयको रूपमा गणित विषय अध्ययन गर्न सक्ने व्यवस्था गरेको छ । निर्णयमा विषयगत प्रयोगात्मक पाठ्यघण्टा सम्बन्धित पाठ्यक्रमले निर्धारण गरेबमोजिम थप हुन सक्ने व्यवस्था गरेको छ ।

निर्णयपछि मन्त्री श्रेष्ठले सर्वोच्च अदालतको निर्णयलाई सम्मान गर्दै नमिलेका विषय र संरचनामा केही हेरफेर गरेको जानकरी दिनुभयो । केन्द्रका महानिर्देशक केशव दाहालले अब पाठक्रमको सबै समस्या समाधान भएको जानकारी दिनुभयो ।

## लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



भिडभाड हुने स्थान
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

भौतिक दुरी कम हुने स्थान
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

भेन्टिलेशन नभएको
वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दुरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

### तपाईंले अपनाउनु पर्ने सावधानीहरु

- भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दुरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
- सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दुरी कायम गरौं
- पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
- हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
- भौतिक दुरी आवश्यक हुने स्थानमा अनिवार्य रूपमा मास्कको प्रयोग गरौं

**साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं**

साभार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*